## वस्तुगत प्रश्नोत्तर

१. **नेपालमा पहिलोपटक न्युक्लियर मेडिसिन सेवाको सुरुवात कहिले भएको हो ?**
- विक्रम संवत् २०७७ पुस ६ ।
- खासगरी क्यान्सर, थाइराइड एवम् हड्डीसम्बन्धी समस्या (दुखाइ) पत्ता लगाउन यो प्रविधि प्रयोग गरिने ।
- यस प्रविधिमार्फत कम स्तरको रेडियो एक्टिभ सामग्री मौखिक एवम् इन्जेक्सनमार्फत शरीरभित्र प्रवेश गराई शरीरको अवस्थाबारे जानकारी लिन सकिने ।

२. **महाकवि देवकोटा सङ्ग्रहालय कहाँ निर्माण गरिने भएको छ ?**
- मैतिदेवी, काठमाडौँ ।
(नेपाल प्रज्ञाप्रतिष्ठानले सङ्ग्रहालय निर्माणका लागि देवकोटाको घर (जसलाई कविकुञ्ज भनी चिनिन्छ)लाई आफ्नो स्वामित्वमा लिएको ।)

३. **दक्षिण एसियाकै पहिलो 'स्काई वाक टावर'को निर्माण कहाँ गरिने भएको छ ?**
- कमलादी, काठमाडौँ ।
- विसं २०७६ मङ्सिर २१ मा टावरको शिलान्यास गरिएको ।
- टावरको उचाइ ७८ मिटर रहेको ।

४. **संयुक्त राष्ट्रसङ्घले कुन वर्षलाई 'इन्टरनेसनल इएर अफ क्रिएटिभ इकानोमी फर सस्टेनेबल डिभेलपमेन्ट'का रूपमा मनाउने निर्णय गऱ्यो ?**
- सन् २०२१ ।

५. **अन्तरीक्षमा सबैभन्दा लामो समय बिताउने महिला को हुन् ?**



- क्रिस्टिना कोच (अमेरिकी इन्जिनियर) ।
- उहाँले अन्तरीक्षमा ३२८ दिन बिताउनुभएको ।
- सन् २०१९ मार्च १४ मा अन्तरीक्षतर्फ लाग्नुभएकी उहाँले सन् २०२० फेब्रुअरी ६ मा पृथ्वीमा अवतरण गर्नुभएको ।
- अन्तरीक्षमा सबैभन्दा लामो समय बिताउने व्यक्ति रूसका भलेरी पोल्याकोभ (४३७ दिन) हुनुहुन्छ ।

६. **राष्ट्रपति चुरे संरक्षण कार्यक्रम २६ जिल्लामा सञ्चालित छ भने चुरे जलाधार संरक्षण कार्यक्रम कति जिल्लामा सञ्चालित छ ?**
- १३ ।

७. **राष्ट्रिय आयोजना बैङ्कको शुभारम्भ कहिले गरिएको हो ?**
- विसं २०७६ माघ २६ ।
(राष्ट्रिय आयोजना बैङ्क कार्यान्वयनमा आएपश्चात् यसमा समाहित भएका आयोजनाले मात्र बजेटमा प्रवेश पाउने ।)

८. **प्रस्तावित रानीटार विमानस्थल कुन जिल्लामा पर्छ ?**
- पाँचथर ।

९. **एकदिने प्रधानमन्त्रीका रूपमा नियुक्त हुने मानवधिकारकर्मी को हुन् ?**
- आभा मुर्तो (फिनल्यान्ड) ।
- जलवायु परिवर्तन एवम् महिला अधिकारका क्षेत्रमा सक्रिय भूमिका निर्वाह गर्ने मुर्तोलाई फिनल्यान्डकी प्रधानमन्त्री सन्ना मरिनले एकदिने प्रधानमन्त्रीका रूपमा नियुक्त गरेकी ।
- महिला अधिकारको प्रवर्द्धन गर्ने उद्देश्यसाथ उनलाई सो पदमा नियुक्त गरिएको जनाइएको ।

१०. **नेपाल विज्ञान तथा प्रविधि प्रज्ञाप्रतिष्ठानद्वारा प्रदान गरिएको नास्ट प्रविधि पुरस्कार २०७६ बाट सम्मानित हुने व्यक्तित्व को हुनुहुन्छ ?**
- कुलमान घिसिङ ।

११. **हाल कुन देशले कृत्रिम चन्द्रमा निर्माण परियोजना अघि बढाएको छ ?**
- चीन ।
- सो कृत्रिम चन्द्रमा पृथ्वीभन्दा ५०० किमि टाढा रहने ।
- कृत्रिम चन्द्रमाले १० वर्गकिलोमिटर क्षेत्रफल ओगट्ने ।
- यसअघि यसकिसिमको परियोजना सन् १९९० को दशकमा रूसले अघि बढाउन खोजेको थियो तर सो परियोजना सफल हुन सकेन ।

१२. **नाइजेरियामा खेतमा काम गरिरहेका सयभन्दा बढी व्यक्तिको घाँटी रेटी वीभत्स हत्या गर्ने आतङ्ककारी समूह कुन हो ?**
- आईएसआएस सम्बद्ध बोको हराम ।
- नाइजेरियाको उत्तर-पूर्वी सहर मैदुगुरी नजिकैको गाउँमा सो समूहले निर्दोष नागरिकलाई नियन्त्रणमा लिई हातखुट्टा बाँधेर वीभत्स तवरले हत्या गरेको ।
- सो हत्या सन् २०२० नोभेम्बर २८ मा भएको ।

१३. **सिस्टर रोबर्ट केसँग सम्बन्धित छ ?**
- कोभिड-१९ लगायत सङ्क्रामक रोगका बिरामीको सहयोग
- बागमती प्रदेशको नेतृत्वमा नेपाल इन्जिनियर्स एसोसिएसनद्वारा निर्मित यो रोबर्ट कोभिड-१९ लगायत रोग सङ्क्रमण भएका एवम् आइसोलेसनमा रहेका बिरामीबाट स्वास्थ्यकर्मीलाई सुरक्षित राख्न प्रयोग गर्न सकिने ।
- रिमोट कन्ट्रोलमार्फत बिरामीलाई औषधि, खाना, खाजा पुऱ्याउन यो रोबर्ट प्रयोग गर्न सकिने ।

१४. **भाषा आयोगले राष्ट्रपतिसमक्ष बुझाएको आर्थिक वर्ष २०७६/०७७ को प्रतिवेदनअनुसार थपिएका दुई भाषा कुन-कुन हुन् ?**
- मारेक याक्खा र नावा शेर्पा ।
- यसअघि आव २०७५/०७६ को प्रतिवेदनअनुसार थप भएका छ भाषा : १. राना थारू (कैलाली), नार फु (मनाङ), ३. चुम (स्यार) गोरखा, ४. नुब्री (लार्के) गोरखा, ५. पोइके (डोल्पा) र ६. सेराके (सेके) मुस्ताङ हुन् ।
- २०६८ को जनगणनाअनुसार नेपालमा बोलिने भाषाको सङ्ख्या १२३ रहेकोमा पछि थप भएका आठसहित हाल जम्मा भाषाको सङ्ख्या १३१ पुगेको ।

१५. **पशुपक्षी एवम् बालीनालीको उत्पादकत्व बढाउने उद्देश्यसाथ व्यावसायिक रूपमा भिँगापालनको सुरुवात कहाँ गरिएको हो ?**
- चितवन ।

१६. **मन्त्रिपरिषद्को २०७४ असोज २५ को निर्णयअनुसार कति स्थानीय तह पिछडिएको क्षेत्रमा समावेश गरिएको हो ?**
- ५७ ।
- पिछडिएको क्षेत्रमा आठ नगरपालिका र ४९ गाउँपालिका परेका ।
- सबैभन्दा बढी स्थानीय तह पिछडिएको क्षेत्रमा परेको जिल्ला बझाङ (६) हो ।

१७. **बागमती प्रदेशको पहिलो बालमैत्री नगरपालिका कुन हो ?**
- भीमेश्वर नगरपालिका, दोलखा ।

१८. **युनेस्कोको सहयोगमा वार्के फाउन्डेसनद्वारा प्रदान गरिने ग्लोबल टिचर प्राइज-२०२० बाट सम्मानित व्यक्तित्व को हुन् ?**
- रणजितसिंह डिस्ले (भारत), पुरस्कार राशि १० लाख अमेरिकी डलर ।

१९. **नेपाल विज्ञान तथा प्रविधि प्रज्ञाप्रतिष्ठानले विज्ञान पुरस्कार-२०७६ कसलाई प्रदान गऱ्यो ?**
- डा. यादवकुमारदेव भट्टराई (नर्भिक इन्टरनेसनल हस्पिटल) ।

२०. **आव २०७५/७६ को लेखापरीक्षणमा बेरुजु पछ्र्यौटमा सर्वोत्कृष्ट स्थानीय तह कुन बन्यो ?**
- थाहा नगरपालिका (मकवानपुर) ।
(२.५४ प्रतिशतमात्र बेरुजु कायम गर्न सफल सो नगरपालिकालाई सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले उत्कृष्ट घोषणा गरेको ।)

२१. **एसिया प्रशान्त आर्थिक सहयोग (एपेक)को स्थापना कहिले भएको हो ?**
- सन् १९८९ ।
- स्थापनाकालमा १२ देशमात्र रहेको यस सङ्गठनमा हाल २१ सदस्य राष्ट्र छन् ।
- यसको प्रधान कार्यालय सिङ्गापुरमा रहेको ।
- यस संस्थाको पहिलो सम्मेलन सन् १९८९ मा अस्ट्रेलियामा सम्पन्न भएको ।

२२. **कञ्चनपुरको महाकाली नगरपालिकाको नाम परिवर्तन गरी के बनाइएको छ ?**
- दोधारा-चाँदनी नगरपालिका ।

२३. **बहुमुखी प्रतिभाका धनी एवम् महान् चित्रकार लियोनार्दो दा भिन्चीको जन्म कुन देशमा भएको हो ?**



- इटाली ।
- उनको जन्म सन् १४५२ अप्रिल १५ मा इटालीमा भएको र निधन सन् १५१९ मे २ मा फ्रान्समा भएको ।
- मोनालिसा, द लास्ट सपर, द भर्चुभियन मेन, लेडी विथ एन इरमाइन उनका विश्वविख्यात चित्र हुन् ।

२४. **सरकारले एसएलसी परीक्षा (हाल : एसईई)मा ग्रेडिङ प्रणाली (प्राविधिकतर्फ) कहिलेदेखि लागू गरेको हो ?**
- २०७१ सालको एसएलसी परीक्षादेखि ।
(२०७२ सालदेखि साधारणतर्फ पनि ग्रेडिङ प्रणाली लागू गरिने ।)

२५. **सरकारले सवारीचालक अनुमतिपत्र (लाइसेन्स)मा 'स्मार्टकार्ड'को व्यवस्था कहिलेदेखि गरेको हो ?**
- विसं २०७२ मङ्सिर १४ ।



२६. **कहिल्यै आँखा नचिम्लने जीव माछा हो भने कहिल्यै आँसु नझार्ने जीव कुन हो ?**
- चिम्पाञ्जी ।

२७. **हिन्दमहासागर र बङ्गालको खाडीमा चल्ने वायुलाई के भनी चिनिन्छ ?**
- साइक्लोन ।
(थार तथा गोबी मरुभूमिमा बहने तातो हावालाई 'लु' भनी चिनिने ।)

२८. **खस आर्य भन्नाले कुन-कुन जाति बुझिन्छ ?**
- ब्राह्मण, क्षेत्री, ठकुरी, सन्यासी-दसनामी ।

२९. **प्रमुख निर्वाचन आयुक्त वा निर्वाचन आयुक्तको पदमा नियुक्तिका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता कति हो ?**
- स्नातक तह ।

३०. **हरित् जलवायु कोष (जीसीएफ)को मुख्यालय कहाँ छ ?**
- दक्षिण कोरिया ।
- विश्वमा बढ्दो तापमान वृद्धिदरलाई २ डिग्री सेल्सियसभन्दा तल राख्नेगरी विविध कार्यक्रम सञ्चालन गर्ने उद्देश्यसाथ यो कोष स्थापना गरिएको ।
- हाल यस कोषमा १० अर्ब अमेरिकी डलर रकम रहेको । ■

**प्रस्तुतकर्ता : टङ्क केसी**

## विषयगत प्रश्नोत्तर

# के हो सूचनाको हक ?




१. **सूचनाको हक भन्नाले के बुझ्नुहुन्छ ? सूचनाको हकले सार्वजनिक प्रशासनमा सुशासन कायम गर्न कसरी सहयोग पुऱ्याउँछ ?**

सार्वजनिक महत्त्वको सूचना माग्ने र पाउने अधिकारलाई सूचनाको हक भनिन्छ । यो सार्वजनिक निकायमा भएको कानुनबमोजिम गोप्य राख्नुपर्ने विषयबाहेक सबै विषयको सूचनामा नागरिकको सहज पहुँच हुने अवस्था हो । यसले सार्वजनिक निकायमा रहेको कुनै लिखतको प्रमाणित प्रतिलिपि प्राप्त गर्ने, कुनै सामग्रीको प्रमाणित नमुना लिने, सार्वजनिक निकायको काम-कारबाहीको अध्ययन गर्ने, अवलोकन गर्ने, सार्वजनिक महत्त्वको विकास निर्माणकार्य भइरहेको स्थलको भ्रमण गर्ने, अवलोकन गर्नेलगायतका अधिकारलाई समेत जनाउँछ ।

**सूचनाको हकले सार्वजनिक प्रशासनमा सुशासन कायम गर्न पुऱ्याउने सहयोग**

सार्वजनिक प्रशासनमा सुशासन कायम गर्न सूचनाको हकले निम्नानुसार सहयोग पुऱ्याउँछ :
- सार्वजनिक प्रशासनले गर्ने दैनिक प्रशासनिक एवम् आर्थिक निर्णयबारे नागरिकलाई जानकारी गराएर,
- सार्वजनिक सेवा प्रवाहका विधि, प्रक्रियामा सरलता ल्याउँदै तिनमा नागरिकको सहज पँहुच बढाएर,
- सार्वजनिक सरोकारका सबै सूचना नागरिकसमक्ष पुऱ्याई सेवाप्रदायकलाई सेवाग्राहीप्रति जिम्मेवार र जवाफदेही बनाएर,
- सार्वजनिक सूचना आदान-प्रदानमार्फत राज्य र नागरिकबीच असल सम्बन्ध विकास गरेर,
- सार्वजनिक प्रशासनबाट हुन सक्ने विकृति, ढिलासुस्ती, अनियमिता एवम् भ्रष्टाचारमा नागरिक निगरानी बढाएर,
- विकास निर्माणका कार्यमा पारदर्शिता ल्याएर,
- सार्वजनिक सुनुवाइमा सक्रिय सहभागिता बढाएर,
- नागरिक बडापत्र प्रभावकारी कार्यान्वयन गराएर,
- नागरिकको गुनासो समयमै सम्बोधन गराएर,
- सामाजिक परीक्षण, सामाजिक उत्तरदायित्व प्रवर्द्धन गराएर,
- सार्वजनिक सेवा प्रवाहमा कम लागतमा गुणस्तरीयता बढाएर,
- नयाँ-नयाँ प्रविधिको प्रयोग गर्न दबाब सिर्जना गराएर ।
- सार्वजनिक प्रशासन सेवा प्रवाह गर्ने निकाय हो भने सूचनाको हक सूचना प्रवाह हो । सार्वजनिक प्रशासनका सबै सूचना प्रवाहले नागरिलाई सचेत, जागरुक, जिम्मेवार, जवाफदेही एवम् कर्तव्यबोध गराउँछ । जब नागरिक नै जाग्छन्, तब सार्वजनिक प्रशासनमा स्वतः चुस्तता, मितव्ययिता, पारदर्शिता, जवाफदेहिताको सिर्जना हुन्छ । अन्ततोगत्वा भ्रष्टाचारको अन्त्य हुन्छ र मुलुकमा सुशासन कायम हुन्छ ।

२. **सार्वजनिक सेवा प्रवाहका आधारभूत सिद्धान्त के-के हुन् ? लेख्नुहोस् ।**

सर्वसाधारण जनतालाई राज्यको तर्फबाट वस्तु तथा सेवा प्रदान गर्ने सन्दर्भमा विभिन्न विधि, प्रक्रिया एवम् मापदण्ड अवलम्बन गर्नुपर्छ, जुन सार्वजनिक सेवा प्रवाहका आधारभूत सिद्धान्त हुन् । जसले सार्वजनिक सेवा प्रवाहलाई व्यवस्थित गर्न मद्दत गर्छन्, जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :
- प्रचलित कानुन पालनाको सिद्धान्त,
- सङ्गठनको सिद्धान्त,
- समन्वय तथा सञ्चारको सिद्धान्त,
- राज्य र नागरिकबीच असल सम्बन्ध विकासको सिद्धान्त,
- राज्य जिम्मेवार र जवाफदेही हुने सिद्धान्त,
- नागरिक सन्तुष्टिको सिद्धान्त,
- सेवा प्रवाहमा प्रभावकारिताको सिद्धान्त,
- सेवा प्रवाहमा सरलता, मितव्ययिता र पारदर्शिताको सिद्धान्त,
- गुणस्तरीय सेवा प्रवाहको सिद्धान्त,
- एकद्वार सेवा प्रवाहको सिद्धान्त,
- प्रतिवेदनको सिद्धान्त,
- सुशासनको सिद्धान्त ।

३. **नेपालको संविधानले अर्थ, उद्योग र वाणिज्यसम्बन्धी के-कस्तो नीति अख्तियार गरेको छ ? लेख्नुहोस् ।**

नेपालको संविधानको धारा ५१ (घ)ले अर्थ, उद्योग र वाणिज्यसम्बन्धी देहायको नीति अख्तियार गरेको छ :
- सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने,
- अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्त्व, उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने,
- सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने,
- आर्थिक क्षेत्रका सबै गतिविधिमा स्वच्छता, जवाफदेहिता र प्रतिस्पर्धा कायम गर्न नियमनको व्यवस्था, सर्वाङ्गीण राष्ट्रिय विकासमा प्रोत्साहन र परिचालन गर्ने,
- उपलब्ध साधन, स्रोत तथा आर्थिक विकासको प्रतिफलको न्यायोचित वितरण गर्ने,
- तुलनात्मक लाभका क्षेत्रको पहिचान,
- उद्योगको विकास र विस्तार,
- निर्यात प्रवर्द्धन,
- वस्तु तथा सेवाको बजार विविधीकरण र विस्तार,
- कालाबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना र प्रतिस्पर्धा नियन्त्रणजस्ता कार्यको अन्त्य,
- प्रतिस्पर्धी राष्ट्रिय अर्थतन्त्र,
- व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण,
- राष्ट्रिय उद्योगधन्दा र साधन स्रोतको संरक्षण र प्रवर्द्धन,
- नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता,
- अर्थतन्त्रको विकासका लागि स्वदेशी लगानीलाई प्राथमिकता,
- वैदेशिक पुँजी तथा प्रविधिको लगानीलाई आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन एवम् पूर्वाधार विकासमा आकर्षित, प्रोत्साहन र परिचालन,
- वैदेशिक सहायता लिँदा राष्ट्रिय आवश्यकता र प्राथमिकतालाई आधार बनाउने, यसलाई पारदर्शी बनाउने, वैदेशिक सहायताबाट प्राप्त रकम राष्ट्रिय बजेटमा समाहित गर्ने,
- गैरआवासीय नेपालीको ज्ञान, सीप, प्रविधि र पुँजीलाई राष्ट्रिय विकासमा उपयोग गर्ने,
- औद्योगिक करिडोर, विशेष आर्थिक क्षेत्र, राष्ट्रिय परियोजना, विदेशी लगानीका परियोजनाको सन्दर्भमा अन्तरप्रदेश तथा प्रदेश र सङ्घबीच समन्वय स्थापित गराई आर्थिक विकासलाई गतिशीलता प्रदान गर्ने ।

४. **बजेट चक्र भन्नाले के बुझ्नुहुन्छ ? बजेट प्रणाली आर्थिक अनुशासनको महत्त्वपूर्ण आधार हो भन्ने भनाइलाई पुष्टि गर्ने तर्कहरू प्रस्तुत गर्दै नेपालको सार्वजनिक प्रशासनमा बजेट कार्यान्वयनमा देखापर्ने मुख्य-मुख्य समस्या उल्लेख गर्नुहोस् ।**

**बजेट चक्र :**

बजेट एक चरणदेखि सुरु भई समापन हुन्छ र त्यसपछि पुनः सुरु भई निरन्तर चलिरहन्छ, बजेटले लिने यस्तो चरणलाई बजेट चक्र भनिन्छ । बजेटले बजेट तर्जुमादेखि त्यसको कार्यान्वयन अर्थात् बजेट निकासा, खर्च र सोको लेखाङ्कन, लेखा परीक्षण एवम् मूल्याङ्कनसम्म विभिन्न प्रक्रिया लिने गर्छ, यो नै बजेट चक्र हो । बजेट चक्रलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

क) बजेट अनुमान/बजेट तर्जुमा,
ख) बजेट स्वीकृति,
ग) बजेट निकासा,
घ) खर्च र सोको लेखाङ्कन,
ङ) लेखा परीक्षण र
च) मूल्याङ्कन ।

बजेट प्रणाली आर्थिक अनुशासनको महत्त्वपूर्ण आधार हो

देहायका कारण तथा प्रावधानको पालनाले बजेट प्रणाली आर्थिक अनुशासनको महत्त्वपूर्ण आधार हो भन्न सकिन्छ :
- कार्यपालिकाले तयार गर्ने बजेट व्यवस्थापिकामा पेस भई व्यापक छलफल हुने, नियन्त्रण हुने, कटौती हुन सक्ने तथा संसद्बाट अनुमोदन गराउनुपर्ने भएकाले,
- संविधान तथा आर्थिक कार्यविधि कानुनको पालना गरेर आय र व्ययको तर्जुमा, कार्यान्वयन तथा प्रतिवेदन गरिने भएकाले,
- बजेट प्रणाली सही कार्यान्वयन भएको छ/छैन भनी व्यवस्थापिका संसद् तथा संसदीय समितिले निगरानी गर्ने, निर्देशन दिने भएकाले,
- बजेट प्रणाली वार्षिक योजनाबद्ध कार्य हो, यो आवधिक योजनाको एक अभिन्न अङ्ग पनि हो । यसले तोकिएका आर्थिक, सामाजिक तथा भौतिक लक्ष्य लिई सो प्राप्तिमा क्रियाशील भई योजनाबद्ध एवम् सुव्यवस्थित कार्य गर्ने भएकाले,
- सार्वजनिक आय र व्यय अर्थात् बजेट प्रणालीको स्वतन्त्र संवैधानिक निकाय महालेखा परीक्षकबाट जाँच एवम् परीक्षण हुने, त्यसले प्रतिवेदन गर्ने र सो प्रतिवेदन व्यवस्थापिका संसद्मा प्रस्तुत भई छलफल हुने भएकाले,
- अर्थ मन्त्रालयले बजेट कार्यान्वयनको नियन्त्रण, अनुगमन तथा प्रगति समीक्षा गर्दै बजेट कार्यान्वयनमा प्रभावकारिता ल्याउने भएकाले ।
- नेपालको सार्वजनिक प्रशासनमा बजेट कार्यान्वयनमा देखापर्ने मुख्य-मुख्य समस्या
- नेपालको सार्वजनिक प्रशासनमा बजेट कार्यान्वयनमा देहायका समस्या देखिएका छन् :
- चालु खर्च अनियन्त्रित रूपमा बढ्दै जानु,
- कुल बजेटमा पुँजीगत खर्चको हिस्सा कम हुँदै जानु र विनियोजित पुँजीगत बजेट सबै खर्च हुन नसक्नु,
- वित्तीय सङ्घीयता प्रभावकारी कार्यान्वयन नहुनु, प्रदेश र स्थानीय तहको आय र व्यय प्रणाली कमजोर हुनु, कतिपय स्थानीय तहमा बजेट प्रणाली लागू हुन नसक्नु,
- सबै प्रकारको वैदेशिक सहयोगलाई राष्ट्रिय बजेट प्रणालीमा आबद्ध गर्न नसक्नु,
- सार्वजनिक खरिद तथा निर्माणकार्यमा गुणस्तरीयता, स्वच्छता एवम् पारदर्शिता कायम गर्न नसक्नु,
- बजेट विनियोजनमा दक्षता एवम् क्षमता कायम गर्न नसक्दा कार्यान्वयनमा कार्यकुशलता कायम हुन नसक्नु,
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, सार्वजनिक खरिद ऐन, नियमको पूर्ण पालना हुन नसक्दा आर्थिक अनुशासन कमजोर रहनु, बेरुजु बढ्दै जानु,
- सङ्घीय प्रणालीबमोजिम तीनै तहको प्रतिवेदन प्रणाली चुस्त हुन नसक्नु, खासगरी स्थानीय तहको वित्तीय प्रतिवेदन प्रणाली कमजोर हुनु ।

५. **स्वास्थ्य समस्या हटाउन व्यक्तिले खेल्न सक्ने भूमिकाबारे चर्चा गर्नुहोस् ।**

स्वास्थ्य समस्या सबै जीवजन्तुका साथै मानिसमा पनि हुन्छ । मानिसको आफ्नो शरीर, घरपरिवार, समाज, वातावरणलगायत स्वास्थ्य समस्या देखिन सक्ने सबै क्षेत्रको सरसफाइ गर्ने, सचेतना अभिवृद्धि गर्नेलगायतका कार्यमा व्यक्तिले बहुआयामिक भूमिका खेल्न सक्छ । कोभिडजस्तो सरुवा रोग नियन्त्रणमा त व्यक्तिको भूमिका अपार हुन्छ । समग्रमा स्वास्थ्य समस्या हटाउनका लागि व्यक्तिले निम्न भूमिका खेल्न सक्छ :
- खाना खानुअघि र पछि राम्ररी हात धुने, अरूलाई पनि सोहीअनुसार गर्न सल्लाह सुझाव दिने,
- खाने कुरा राम्ररी सफा गरी पकाई सन्तुलित तरिकाले सेवन गर्ने,
- शरीरका अङ्गको नियमित सरसफाइ गर्ने, अरूलाई पनि सरसफाइ गर्न सल्लाह सुझाव दिने,
- शौचालयको प्रयोग गर्ने तथा अरूलाई पनि प्रयोग गर्न सल्लाह सुझाव दिने,
- धूमपान तथा मद्यपान नगर्ने, अरूलाई पनि नगर्न सल्लाह सुझाव दिने,
- नियमित रूपमा शारीरिक व्यायाम गर्ने, खेलकुदमा संलग्न हुने,
- बेलाबेलामा स्वास्थ्य परीक्षण गराउने र आवश्यकताअनुसार उपलब्ध स्वास्थ्य सेवाको उपयोग गर्ने, अरूलाई पनि गर्न लगाउने,
- रोग लाग्नुपूर्व होसियारी अपनाउने तथा रोग लागेपछि नियमित उपचार गर्ने,
- घरपरिवार, समाजमा स्वास्थ्य सचेतना अभिवृद्धि गर्ने,
- स्वास्थ्य शिक्षामा अध्ययन, अनुसन्धान गरी असल राष्ट्रसेवक बन्ने । ■

**प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा**

QUESTION BANK NEPAL